माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेलले

प्रदेश सभामा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७८/७९ को लागि विनियोजन विधेयक, २०७८ का

# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश

२०७८ जेष्ठ

**माननीय सभामुख महोदय,**

१. बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय प्रदेश सभा समक्ष आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट निर्माण र कार्यान्वयनलाई प्रभावकारी तथा परिणाममुखी बनाउन निर्धारण गरिएको विनियोजन विधेयक, २०७८ का सिद्धान्त र प्राथमिकता यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को असरबाट शिथिल भएको देशको अर्थतन्त्र र त्यसको प्रमूख प्रभावित क्षेत्र वागमती प्रदेशको प्रादेशिक अर्थतन्त्रलाई पुनरुत्थान गर्दै गतिशील बनाउन तथा हाल देखिएको नयाँ भेरियन्टको संक्रमण रोक्नुपर्ने कठिन र महत्वपूर्ण परिस्थितिका बीचमा आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारीबोध गरेको छु। यी चुनौतीलाई सम्बोधन गर्दै प्रादेशिक विकास र सुशासन मार्फत समग्र मुलुकको समृद्धिको यात्रालाई टेवा पुऱ्याउने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता यस सम्मानित प्रदेश सभामा पेश गर्न अनुमति चाहन्छु।

३. कोभिड-१९ को महामारीबाट मानवीय र आर्थिक क्षति हुनुका साथै मनोवैज्ञानिक त्रास पनि सिर्जना भएको छ। महामारीको नियन्त्रणका लागि गरिएको निषेधाज्ञाबाट बागमती प्रदेशका नागरिकमा परेको असहज परिस्थितिप्रति प्रदेश सरकार सजग र सचेत छ। साथै यो असहज परिस्थितिको छिटै अन्त्य गर्न निरन्तर लागि रहेको छ। यस महामारीबाट हुनसक्ने मानवीय क्षति रोक्न अथक प्रयास गर्दागर्दै पनि प्रदेश सभाका माननीय सदस्य श्री पशुपति चौलागाई लगायत कर्तव्य निर्वाहका क्रममा ज्यान गुमाउनु भएका स्वास्थ्यकर्मी, सरसफाईकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि, संचारकर्मीका साथै सम्पुर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँहरुको शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दै उपचाररत सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. कोभिड-१९ महामारीको विषम परिस्थितिमा अग्रपङ्क्तिमा रही रोकथाम, नियन्त्रण, व्यवस्थापन तथा उपचारमा अहोरात्र संलग्न स्वास्थ्यकर्मी,

सरसफाईकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि लगायत जिम्मेवार नागरिकको रूपमा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

५. संघीयताको संस्थागत विकासको लागि नीतिगत, कानूनी संरचनाका आधारशीला तयार गरी आफ्नो क्षेत्राधिकारमा रहेका कार्यहरूको कार्यान्वयन मार्फत **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य हासिल गर्नेतर्फ बागमती प्रदेश सरकार कटिबद्ध भई अगाडि बढ्ने कुरामा म सबैलाई आश्वस्त गराउन चाहन्छु।

६. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, शान्ति र सुशासन, संघीय सरकारको नीति`योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, बागमती प्रदेशको पहिलो आवधिक योजना र दिगो विकासको लक्ष्यलाई विनियोजन विधेयक, २०७८ को सिद्धान्त र प्राथमिकता तय गर्दा मार्गदर्शनको रुपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७८ का सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

७. संविधानले परिलक्षित गरेको लोककल्याणकारी राज्य निर्माणमा टेवा पुर्‍याउन विकास संवाहकका रुपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सामुहिक सहभागिता र सहकार्य मार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालनद्वारा प्रादेशिक अर्थतन्त्रलाई आत्मनिर्भर तथा उन्नतिशील बनाउने दिशातर्फ चालु बजेट तथा कार्यक्रमहरु केन्द्रित हुनेछन्।

८. कोभिड-१९ लगायत प्राकृतिक तथा मानवीय विपत्तिलाई न्यूनिकरण गर्न सरकारले आर्थिक-सामाजिक विकासमा विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता देखिएको छ। यसर्थ स्वास्थ्य, शिक्षा, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्ने दिशा तर्फ बजेट तथा कार्यक्रम लक्षित गरी विकासको अवधारणालाई बहुआयामिक बनाउने तर्फ आगामी वर्षको बजेट निर्देशित हुनेछ।

९. सुशासनको मूलभूत अवधारणालाई आत्मसात् गरी प्रदेश सरकारको शासकीय प्रणालीलाई आम नागरिकहरूको चाहना अनुसारको दिगो विकास हासिल गर्न मद्दत गर्ने रूपान्तरणकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०. विकासमा क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्न उच्च पहाडी तथा हिमाली क्षेत्रको उत्थानमा टेवा पुर्‍याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित हुनेछ।

११. प्रदेश तथा समग्र मुलकको मानव विकास तथा रोजगारी सिर्जनालाई टेवा पुग्नेगरी प्रदेश भित्र उपलब्ध साधन स्रोतको परिचालन मार्फत ग्रामीण अर्थव्यवस्थालाई मजबुत बनाई आत्मनिर्भरता वृद्धि गर्दै दिगो विकासलाई जोड दिने कार्यक्रमहरू तय गरिनेछ।

१२. प्रादेशिक विकास, सुशासन र समृद्धिको यात्रामा हालसम्म प्राप्त भएका उपलब्धिहरुलाई संस्थागत गर्दै कोरोना लगायत अन्य रोगको महामारीबाट प्रदेश भित्रका नागरिकको जीवन रक्षा गर्न गुणस्तरीय एवं सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरी लोककल्याणकारी राज्यको आभाष दिलाउने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिनेछ।

१३. शैक्षिक क्षेत्रको पूर्वाधार विकास र आधुनिकीकरण गर्दै प्रतिस्पर्धात्मक तथा गुणस्तरीय शिक्षा प्रदान गर्न विशेष ध्यान दिइनेछ। सामुदायिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा वृद्धि गरी उद्यमशीलता विकासमा जोड दिँदै रोजगारमूलक र नव-अन्वेषणमूलक जनशक्तिको विकास गरिनेछ ।

१४. युवाको जोस, जाँगर र पौरख मुलुकमै परिचालन गर्न सके दोहोरो अंकको आर्थिक वृद्धि मार्फत आर्थिक सामाजिक विकास सहितको दिगो विकास हासिल गर्न सकिन्छ। वर्षेनी बढ्दै गएको जनशक्ति विदेश पलायनको आँकडालाई कम गर्न स्वदेशमै पर्याप्त मात्रामा रोजगारी सृजना गर्न सके जनसांख्यिक लाभांशको उपयोगबाट विकासमा फड्को मार्न सकिन्छ भन्ने कुरामा दुई मत छैन। कृषि, व्यापार, उद्योग, पर्यटन लगायत तत्कालै रोजगारी सिर्जना हुने क्रियाकलापहरुमा केन्द्रित हुनेगरी बजेट निर्माण गरिनेछ।

१५. बहुवर्षीय तथा क्रमागत आयोजनाका रूपमा योजना/कार्यक्रम स्वीकृत गर्ने तर सोको लागि आवश्यक बजेट विनियोजन हुन नसक्ने अवस्थाले प्रदेश सरकारलाई दीर्घकालिन आर्थिक दायित्व थप हुने देखिन्छ। यसर्थ स्वीकृत बहुवर्षीय र क्रमागत

आयोजनाका लागि आवश्यक बजेट सुनिश्चित गरेर मात्र नयाँ कार्यक्रममा बजेट विनियोजन गरिनेछ।

१६. प्रदेश सरकारको विनियोजन एवं खर्च प्रणालीमा सुधार गर्न विनियोजन दक्षता, वित्तीय अनुशासन र प्रभावकारी कार्यान्वयन हुनेगरी मितव्ययिताको सिद्धान्तमा आधारित विनियोजन प्रणाली अवलम्बन गरिनेछ।

१७. मन्त्रालय तथा निकायहरूको बजेट कार्यान्वयनको क्षमता बढाउन तथा बजेट प्रणालीलाई व्यवस्थित गर्न थप कार्यक्रमहरू सञ्चालन गरिनेछ । सूचना प्रविधिको उपयोग मार्फत सरकारको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेखन तथा प्रतिवेदन प्रणालीमा एकरूपता ल्याई वित्तीय अनुशासन कायम गर्ने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१८. वित्तीय हस्तान्तरण मार्फत प्रदान गरिने अनुदानहरू आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मात्र परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

१९. विपद्जन्य अवस्था, महामारी वा अन्य आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापनाका अवस्थामा बाहेक आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रम वा आयोजनाहरूको लागि थप वित्तीय हस्तान्तरण गरिनेछैन।

२०. प्रदेशको अर्थव्यवस्थामा सम्पत्ति सिर्जना र पूँजी निर्माण हुनेगरी राजस्व चुहावट नियन्त्रण गर्दै राजस्व प्रणालीको विकास तथा विस्तारलाई प्रभावकारी बनाइनेछ । साथै राजस्व वृद्धिका लागि सम्भाव्य श्रोतको खोजी गरी दायरा फराकिलो बनाइनेछ।

२१. आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन, जग्गा प्राप्ति, वातावरणीय मूल्याङ्कन प्रतिवेदन विना कार्यक्रमहरु प्रस्ताव गर्ने परिपाटीलाई निरुत्साहित गर्दै पूर्वतयारी भएका आयोजनामा प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।

**माननीय सभामुख महोदय**

**अब म विनियोजन विधेयक, २०७८ का प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

२२. प्रादेशिक अर्थतन्त्रलाई चलायमान बनाइराख्न उपलब्ध स्रोतको अधिकतम परिचालन मार्फत उत्पादन वृद्धि तथा रोजगारी सिर्जना हुने गरी कोभिड-१९ महामारीको समयमा पनि स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गराउदै नागरिकको जिउधनको रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी विकास निर्माणको कार्य अगाडि बढाइनेछ।

२३. प्रदेश भित्रका जिल्ला अस्पतालहरुको सुदृढीकरण, नयाँ स्थापना र स्थानीय तहमा अस्पताल भवनहरुको निर्माणका साथै प्रदेशका अस्पतालहरुमा आवश्यक यन्त्र उपकरणहरु, अक्सिजन प्लान्ट, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको व्यवस्था मिलाउने कार्यलाई प्राथमिकता दिइनेछ। सामान्य स्वास्थ्य उपचार सम्बन्धि सेवा सहज, सुलभ र स्तरीय रुपमा प्रदान गर्न सक्ने गरी जिल्ला अस्पतालहरुको स्तरोन्नति गरिनेछ।

२४. मातृ तथा बाल स्वास्थ्य, किशोर-किशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्ग मैत्री स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै प्रदेश भित्र बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्य र खोप सेवामा पहुँच पुऱ्याउने कार्यलाई जोड दिइनेछ।

२५. आपतकालिन अवस्थामा स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी प्रदेशका अस्पतालहरूको प्राविधिक, व्यवस्थापकीय तथा संरचनागत पक्षको स्तरोन्नतिमा ध्यान पुऱ्याइनेछ। साथै कोरोना महामारीबाट ज्यान गुमाएका विपन्न परिवारका आश्रितहरुका लागि विशेष राहतको व्यवस्था मिलाइनेछ।

२६. बाढी, पहिरो, भू-क्षय, मनसुन जन्य अन्य प्राकृतिक प्रकोप लगायत संक्रामक रोग जस्ता भविष्यमा आउन सक्ने प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन सक्ने प्रविधि र लगानीलाई प्राथमिकता दिइनेछ।

२७. उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना तथा कोरोना महामारीबाट प्रभावित मुलतः निम्न आय भएका नागरिकहरूको पुनरूत्थान गर्न कृषि, उद्योग,

व्यापार व्यवसायसँग सम्बन्धित कार्यहरूका लागि सहुलियतपूर्ण ऋण प्रवाह गर्ने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।

२८. बेरोजगार, विदेशबाट फर्किएका, सिमान्तकृत समुदाय तथा आर्थिक रूपले विपन्न युवा जनशक्तिलाई कृषि, उद्योग तथा सेवा क्षेत्रमा आकर्षित गर्न स्थानीयस्तरमा नै रोजगारी सिर्जनाका लागि साझेदारीमा क्षमता विकास, प्राविधिक सीप प्रदान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

२९. स्वदेशी कच्चा पदार्थ र सीपमा आधारित साना तथा मझौला उत्पादनमूखी उद्योग तथा व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

३०. आन्तरिक तथा वाह्य पर्यटनलाई थप प्रोत्साहन गर्न प्रदेशभित्रका महत्वपूर्ण, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको खोज, विकास र प्रवर्द्धन गरिनेछ।

३१. कोभिड-१९ को प्रभाव न्यूनीकरणका लागि खानेपानी तथा सरसफाईका कार्यक्रमहरु प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ।

३२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न हरित उत्पादन प्रविधि अवलम्बन गर्दै सम्भाव्य जिल्लाहरूमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, चक्लाबन्दीमा आधारित सामूहिक खेती, बाँझो जग्गामा खेती जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिई सो क्षेत्रको औद्योगिकीकरण, व्यवसायीकरण, यान्त्रिकरण र बजारीकरण गरिनेछ।

३३. सिंचाइ पूर्वाधार कार्यक्रमहरुको कार्यान्वयन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जनाका साथै आयात प्रतिस्थापनमा जोड दिइनेछ। यसका लागि आवश्यकता अनुसार सतह/भुमिगत र लिफ्ट प्रणालीबाट सिंचाई सेवा उपलब्ध गराइनेछ।

३४. फलफुल तथा तरकारीको विउ विजन सहकारी संस्था मार्फत व्यवस्थापन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३५. उपभोक्ताले तिर्ने मूल्य र कृषकले प्राप्त गर्ने मूल्य बीचको अन्तरलाई न्यून गर्न सवै स्थानीय तहमा कृषि बजार सूचना केन्द्रको स्थापना गरी स्थानीय कृषि उपजको मूल्य सूची प्रकाशित गर्ने र सोही मूल्यको आधारमा उपलब्ध गराउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३६. भौगोलिक क्षेत्र सुहाउदो व्यवसायिक पशुपालनको विकास गर्न भेटेरिनरी, नश्ल सुधार, चरन व्यवस्थापन र घाँसेबाली उत्पादन कार्यक्रमहरु संचालन गरिनेछ।

३७. सहकारी क्षेत्रको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई उत्पादन, प्रशोधन र वितरण प्रणाली सँग आबद्ध गराई रोजगारी सिर्जना गर्न विषयगत सहकारीहरुको प्रबर्द्धनलाई प्राथमिकता दिइनेछ।

३८. विश्वव्यापी महामारीका कारण शिथिल भएको राष्ट्रिय तथा प्रादेशिक अर्थव्यवस्थाको पुनरूत्थानमा टेवा पुऱ्याउने प्रकृतिका पूँजी निर्माणसँग सम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

३९. ठूला भौतिक पूर्वाधारहरु (सुरुङ्गमार्ग, प्रादेशिक तथा रणनीतिक सडक आयोजनाहरु) र बहुवर्षीय आयोजनाहरुलाई तोकिएको समयमा सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिनेछ।

४०. तत्काल प्रतिफल दिने र सञ्चालन गर्न सकिने अधुरा रहेका आयोजनालाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।

४१. 'प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना÷ मार्फत बागमती प्रदेशको राजधानी हेटौडालाई सुविधा सम्पन्न बनाउन सरकारी कार्यालय भवन, शिक्षा, स्वास्थ्य, सडक लगायतका विकासका पूर्वाधारहरुको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

४२. वातावरणमैत्री 'विद्युतीय बस÷ र ठूला सार्वजनिक यातायात संचालन तथा व्यवस्थापन गरी यातायात सेवालाई सर्वसुलभ, विश्वसनीय र किफायती बनाइनेछ।

४३. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण आदि दिगो विकासका सूचकहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ।

४४. शहरी क्षेत्रमा देखिएको वायु प्रदुषण र यसले जनस्वास्थ्यमा पारेको असर न्यूनीकरण गर्न "बागमती प्रदेश, स्वस्थ र सफा प्रदेश" अभियान मार्फत शहरी क्षेत्रका नदी किनार जग्गा, नदी उकास जग्गा, सार्वजनिक पर्ती, ऐलानी जग्गाहरूमा शहरी वन कार्यक्रम सञ्चालन गरिनेछ।

४५. डढेलो, भूक्षय, कटानबाट प्रदेश भित्रका वनक्षेत्रको सुरक्षा गरी सामूदायिक वन लगायत समुदायमा आधारित वनको दिगो व्यवस्थापन र वनमा आधारित उद्योगको स्थापना र विस्तारमा विशेष जोड दिइनेछ।

४६. नदी प्रणालीमा आधारित जलाधार विकास कार्यक्रम मार्फत भू तथा जलाधार संरक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

४७. विद्यार्थीलाई आत्मनिर्भर तथा क्षमतावान बनाउन प्रविधिमैत्री शिक्षा प्रणालीको विस्तार गर्दै स्वरोजगार, उद्यमशीलता र नव-अन्वेषण कार्यक्रम सञ्चालन गर्न सामुदायिक विद्यालयको भौतिक, प्राविधिक, व्यवस्थापकीय र शैक्षिक पक्षको सुधारमा प्राथमिकता दिइनेछ।

४८. प्रदेश खेलकुदको विकास र विस्तारका लागि खेलकुद पूर्वाधारहरुको निर्माण, संरक्षण र सञ्चालनका साथै खेलाडी, रेफ्री र प्रशिक्षकको क्षमता विकास गर्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।

४९. प्रदेश भित्र शान्ति सुरक्षा कायम गर्दै अपराधिक गतिविधि रोकथाम तथा नियन्त्रण गर्न प्रदेश प्रहरीलाई व्यवस्थित गर्दै सुबिधा सम्पन्न र प्रविधि मैत्री बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ।

५०. प्रदेश सरकारबाट निर्मित कानूनहरूको डिजिटल अभिलेखीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

५१. प्रदेश सरकारले निर्माण गरेका विभिन्न नीति, कानून र नियमहरुको सुव्यबस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधरणको पहुंचसम्म पुऱ्याउन विशेष जोड दिइनेछ।

५२. प्रदेश भित्रको सूचना तथा संचारलाई प्रभावकारी, व्यबस्थित र अनुसाशित बनाउन पहल गरिनेछ । सूचना केन्द्र संचालनमा ल्याई प्रदेश भित्र र बाहिरका सूचनालाई व्यवस्थित गर्न वजेट विनियोजन गरिनेछ।दुर्गम क्षेत्रमा संचार तथा ईन्टरनेट सेवाको पहुंच पुऱ्याइने छ।

५३. कोभिड-१९ महामारीको कारण स्रोतमा परेको चापलाई व्यवस्थापन गर्न बजेट विनियोजनमा मितव्ययिता सम्बन्धि मापदण्डको पालनालाई प्राथमिकता दिइनेछ। अत्यावश्यक बाहेकका सरकारी भवनको निर्माण, दरबन्दी श्रृजना, सवारी साधन खरिद गर्ने जस्ता परिपाटीलाई निरूत्साहित गरिनेछ।

५४. यातायात व्यवस्था कार्यालयबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउन राजस्व भुक्तानी लगायतका क्रियाकलापहरु विद्युतीय प्रणाली मार्फत सञ्चालन गरिनेछ।

५५. कोभिड-१९ लगायतका कारणबाट समय सीमा भित्र नवीकरण हुन नसकेका उद्योग, व्यवसाय एवं फर्महरुलाई एकपटकको लागि नवीकरण गर्न विशेष व्यवस्था

गरिनेछ। साथै यस्ता उद्योग व्यवसायहरु अनिवार्यरुपमा दर्ता गरेर मात्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५६. लघु, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनबाट आर्थिक रुपान्तरण र समावेशी अर्थतन्त्र निर्माणको आधार तयार हुने भएकोले यस्ता उद्योगहरुको दर्ता प्रकृया सरलीकरणका लागि सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।

५७. प्रदेश सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको दायरा वृद्धि गर्न थप नयाँ क्षेत्रहरूको पहिचान तथा हाल भइरहेका क्षेत्रहरूबाट प्राप्त हुने राजस्वका दरहरूमा समयानुकुल परिमार्जन गर्दै लगिनेछ।

५८. राजस्वको संकलन र नियमन प्रकृयालाई थप प्रविधिमैत्री तथा यथार्थपरक बनाउन एकीकृत राजस्व सूचना प्रणालीको विकास गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीच आवश्यक समन्वय र सहकार्यमा जोड दिइनेछ।

५९. स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने राजश्व र वित्तीय हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बचत भएको फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गर्ने कार्यसँगै प्रतिवेदन प्रणालीलाई नियमित गर्न पहल गरिनेछ।

६०. वित्तीय हस्तान्तरणका अनुदानहरूमध्ये लागत साझेदारीका कारण समपूरक अनुदान बढी प्रभावकारी र उपलब्धिपूर्ण देखिएको छ। यसर्थ प्रदेश सरकारबाट स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानको अंश क्रमशः वृद्धि गर्दै लगिनेछ।

**माननीय सभामुख महोदय,**

६१. लामो समयदेखिको कोभिड-१९ महामारीले मानव जीवनलाई प्रभावित बनाएको छ। आर्थिक गतिविधिहरुमा नकारात्मक असर परेको छ। जसबाट देशलाई समृद्धि तर्फ लैजान थप चुनौती देखिएको छ। यी चुनौतीहरुलाई अवसरको रुपमा लिई स्वास्थ्य सेवाको क्षेत्रमा दीर्घकालीन सुधार गर्नु आवश्यक छ।

६२. देशमा उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालनबाट गरिएको विकास दिगो हुन्छ भन्ने प्रमाणित भई सकेको छ। परनिर्भर भई गरिएको विकास दिगो हुन सक्दैन भन्ने तथ्य बाह्य क्षेत्रमा भएको आर्थिक मन्दी तथा महामारीले समेत सिद्ध गरिसकेको हुँदा निर्यात प्रवर्द्धन गर्ने र आयात न्यूनीकरण हुने क्षेत्रमा लगानी बढाउनु पर्ने आवश्यकता रहेको छ।

६३. देशमा खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने, जनतालाई प्रत्यक्ष प्रभावित गर्ने भौतिक पूर्वाधारमा लगानी गर्नु पर्ने अहिलेको आवश्यकता भएकोले आगामी वर्षको बजेट यस तर्फ केन्द्रित हुने कुरा म माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु।

६४. हाल सिर्जित विषम परिस्थितिमा हाम्रा अधुरा, क्रमागत तथा बहुवर्षीय आयोजनाहरूको प्राथमिकीकरण गरी त्यस्ता आयोजना सम्पन्न हुनेगरी बजेट विनियोजन गरेपश्चात मात्र पूर्वतयारी सम्पन्न भएका कार्यान्वयनयोग्य आयोजना छनौट गर्न जनप्रतिनिधि तथा कर्मचारीतन्त्र क्रियाशील हुनु जरूरी छ।

६५. अबको हाम्रो बजेट तथा कार्यक्रमलाई आवधिक योजना, नीति कार्यक्रम, बजेटको सिद्धान्त तथा प्राथमिकता, मध्यमकालीन खर्च संरचना, दिगो विकासका लक्ष्यसँग तादम्यता कायम गरी बजेट तर्जुमा गर्न सकेमा प्रतिकूल समयमा पनि राष्ट्रिय तथा प्रादेशिक लक्ष्य हासिल गर्ने खालको विकासको ढाँचा निर्माण हुनेमा म विश्वस्त छु। आगामी आर्थिक वर्षको बजेट यसै तर्फ उन्मुख हुने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

६६. यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक, २०७८ का सिद्धान्त र प्राथिमिकता प्रदेशको आवश्यकता, आन्तरिक तथा वाह्य परिवेश, वस्तुगत यथार्थता र उपलब्ध हुने स्रोत बीच तादत्म्यता हुने गरी तयार गरिएको छ। माननीय सदस्यहरुले प्रस्तुत सिद्धान्त तथा प्राथमिकताहरुमा सघन छलफल गरी रचनात्मक पृष्ठपोषण दिनुहुनेछ भन्ने विश्वास लिएको छु। माननीय सदस्यहरुबाट प्राप्त हुने सुझावहरुका साथै प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आर्थिक वर्ष २०७८।७९ को बजेट निर्माणमा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**धन्यवाद !**